


## नयाबर्षको सन्देश

# चिन्तन निर्माण गरौ

**रिश्शो कोसेइ काइ अध्यक्ष, निक्क्यो निवानो**



### कोरोना माहामारी नै मानिसकोनिम्ती वास्तबिक महत्वको कुरा के हो भन्ने सोच्ने बेला

नयाँ बर्षको हार्दिक शुभकामना छ ।

गतबर्ष कोरोना भाइरस सन्क्रमण बढेर हाम्रो जिवनको हरेक कुरामा असर पार्यो । आजको दिनसम्म १ करोड ८० लाख मानिसहरुको माहामारिले मृत्यु भएको छ । हार्दिक श्रदन्जली चढाउन चाहन्छु ।

रिश्शो कोसेइ काइमा साबधानी अपनाउन भनेर दाइसेइदो र अरु अफिसहरु बन्द गरेर प्रवचन र अरु कार्यक्रमहरु कि बन्द गरिए कि सारीएको छ । साथै हाम्रो आफ्नो जिवनमा पनि काम गर्ने पढ्ने, पालन पोषण, हेरचार, घरबारको काम सर्बकुरामा पहिलेभन्दा फरक ढङले काम गर्नु परेको छ ।आमदानिमा ब्यापक कमि, काम या बिजिनेस गुमाउने मानिसहरु पनि धेरै छन । एस्तो बेलामा आफ्ना साथी या संघहरुले एकअर्कालाई माया दया र सहकार्य गर्दै जानु पर्छ भन्ने कामना गर्दछु ।

यो कोरोना माहामारी भनेको हामी मानिसहरुकोनिम्ती वास्तबमा महत्वपुर्ण कुरा के रहेछ त भन्ने सोच्ने मौका हो भन्ने लागेको छ ।

मैले पहिला "चिन्तन" भन्ने जापानि शब्दमा सोच्नु र छोड्नु भन्ने पनि अर्थ लाग्छ भनेर कुरा गरेको थिए । अहिलेको यो कोरोना माहामारिबाट हामीले कस्तो कुरा सोच्ने अनि कस्तो



कुरा छोड्ने त भन्ने कुरा प्रष्ट भएको जस्तो लाग्छ ।

एक सर्बेक्षण अनुसार कोरोनाको माहामारिले गर्दा आफुले सुरु गरेको नयाँ बानिमा के छ त भनेर सोध्दा सबैभन्दा धेरै (७४%) ले आफ्नो परिवारलाई अझ महत्व दिन थालेको  भन्ने कुरा आएको थियो । तर साथै कोरोनाले गर्द घरमा झगडा भएर “कोरोना डिवोर्स” पनि बढ्दै गएको छ ।

यि कुराहरुलाई मनन गर्दै म  “२०२१ को निती तथा कार्यक्रम” तल प्रस्तुत गर्दछु ।

गतबर्ष कोरोना सन्क्रमणले गर्दा हाम्रो जिवन शैलिमा ठुलो परिवर्तन आयो । लकडाउन या घरबाटै काम आदिले गर्दा घरमा बस्ने समय बढ्यो र परिवारको महत्व बुझ्न पाइयो ।

योबर्ष हाम्रो संस्था संस्थापन भएको ८३औ बर्ष हो । योबर्ष पनि गतबर्ष जस्तै बाहिर निस्कन धेरै मिल्दैन होला तर आस्थाको जिवन शैलिबाट हामी सबैले श्रीमानश्रीमती, बुवाआमा, र अभिभाबकका रुपमा भबिष्य निर्माण गर्ने युवाको कसरी बिकास र उनिहरुको चरित्र निर्माण गर्ने हो भनेर घरमा एक साथ कसरी रचनात्मक ढङ्मा आभिभारा लिएर जानु पर्ने छ त ।

यहाँ मैले “श्रीमानश्रीमती” भनेर युवाहरुलाई भनेको छु । “बुवाआमा” भनेको अहिले मध्य र “अभिभबाक” भनेर बृधहरुलाई भनेको हु । यि सबैले आफ्नो अनुभव आफ्ना छोराछोरी या नातिनातिनिलाई बताउनाले नै आफ्ना युगका मानिसले ससना बालक र युवाको बिकासमा बल दिउन भन्ने अर्थमा मैले एस्तो बिभाजन गरेको हु ।

यो “निती तथा कार्यक्रम” लाई गतबर्ष नोवेम्बर को “सन्चालक समिति” म प्रस्तुत गर्ने अवसर पाएको थिए । त्यो बेलामा पुर्बी दार्शनिक भनेर चिनिने यासुओका मासाताक गुरुको किताबबाट सिकेको कुरलाई यहाँ सारंसमा प्रस्तुत गर्दछु ।

परिवार भनेको केटाकेटीले बुवालाई आदर गर्ने र बुवाले आदर पाउन पर्ने ठाउँ हो । आमा भनेको मायाको प्रतिक हुन । आदर भनेको आफुले अरुलाई गरेर मात्र पाइने चिज हो । अझ ठुलो अझ आग्लो माहान चिज देख्दा मनमा आउने मतलब मनमा हुने बिकास हो आदर ।

तर आजकल आमाको मायालाई मात्र जोड दिइन्छ र बुवालाई दिने आदर घट्दै गएको छ । र बुवाहरु आफु पनि खाली काम मात्र गर्ने परिवारको तेती वस्ता गर्दैनन । घर भनेको बिस्राम गार्ने ठाउँ टहनेर मनपरी गर्छन । एस्तो गर्नु भनेको लाज लाग्ने कुरा हो र  तेस्लाई रोक्नाले अनुशाशित भइन्छ । “आदर” र “लाज” भनेको मानिसमा हुनु पर्ने महत्वपुर्ण आधारभुत गुणहरु हुन ।

केटाकेटी भनेको सफासुग्गर, उज्यलो र स्वस्थ हुन पर्छ । र उनिहरुले बुवाआमाबाट सिक्ने गर्छन । बुवाआमाको नराम्रो बानी देखेमा भबिष्यमा उनिहरुलाई नराम्रो असर पार्दछ । तेसैले आमाबुवाले गर्नु पर्ने कर्तब्यलाई हामीले बिर्सनु हुँदैन ।

र अन्त्यमा “बुवाहरु केटाकेटीले आदर गर्ने बन्न सकुन । आमा दयाको पात्र बन्न सकुन । किनकी घर नै केटाकेटीको भबिष्यको आधार हो” भन्ने शब्दलाई प्रस्तुत गरेर त्यो प्रस्तुती सके ।

यी कुराहरु हामीले सधै मनमा राख्न पर्दछ । कोसेइ काइमा पनि उपदेश प्रचार गर्ने कुरामा बढी ध्यान दिएर परिवारको तेती हेरचार नगर्ने पनि हुन्छन । अबदेखी उपदेश प्रचार महत्वपुर्ण हो तर घर पनि महत्वपुर्ण हो भन्ने मनन गरेर भक्ती गर्दै जानु पर्नेछ ।

## भबिष्यका कर्णधार बालक र युवाको प्रबृत्ती कसरी बिकास गर्ने



अहिलेसम्म हामीले मानिस कसरे सपार्ने (हुर्काउने) भन्ने कुरामा सर्बशक्ती खर्च गरु भने ।

त्यो कुराको जरा नै घरमा हुने शिक्षा हो । घरलाई केन्द्रबिन्दु बनाएर राम्रो मानव शिक्षा दिएमा मात्रै बिद्यालयको शिक्षा पनि राम्रो हुन्छ र साचो अर्थमा (मानिस हुर्काउने) कुरामा जोडिन पुग्दछ ।

र परिवारहरु एकजुट हुन "घरको बुद्ध मुर्तिमा केन्दृत हुने जिवन यापन" र "तीन अभ्यास" (अभिबादन, राम्रोसँग उत्तर दिने र जुत्ता मिलाउने) कुरा महत्वपुर्ण छ भनेर भने । एस्तो आधारभुत कुरा गर्न सकेमा मात्र मानव शिक्षाको धरातल बन्न सक्छ ।

र घरमा शिक्षा दिदा सबैभन्दा आधारभुत कुरा भनेको बुवाआमाले छोराछोरीलाई कसरी हेर्छन "छोराछोरी दृष्टि" हो ।

पहिला जापानमा छोराछोरी भनेको देवताको प्रसाद भनेर धेरै धन्य भएर पाउने र हुर्काउने चलन थियो ।

मैले कुनैबेला जापान निगाताको केइवागाकुएन बिद्यालयको पहिलो प्रधानअध्यापक वोताजिले लेख्नुभएको किताब पढेको थिए । एसु धर्म मान्ने वोताजी सानोबेलामा धेरै बिरामी हुनाले धेरैले हेप्थे रे । तेस्तो बेलामा उनका आमाले यसरी सन्तोना दिएकी थिन रे ।

"तिम्रो सरिर दुर्बल छ तेसैले मन पनि दुर्बल । तेहिभएर पर्ख र हेर तिमी कुनै दिन बलियो राम्रो मान्छे भएर भगवानको काम गर्ने दिन आउने छ । त्यो दिन पक्कै आउछ भन्ने बिश्वास छ तेही भएर आमालाई केहि दुख छैन र दुर्बल बेलामा रोए पनि हुन्छ" ।

वोताजिले आमाको एस्तो  कुरालाई बिश्वास गरेर नै युवाबेलदेखी तेही कुरा मनन गरेर हुर्केका थिए भनेर आफ्नो कुरा बताउनु भएको छ ।

मेरो छोराछोरीलाई "भागवानको आदेश छ" भनेर बिश्वास गरेर सम्मान गर्ने आमाको कुरा सुन्दा मन छुन्छ ।

"बुवाआमा देखेर नै छोराछोरी हुर्कन्छन्" भनिन्छ र राम्रो या नराम्रो कुरा जे बुवाआमाले गर्छन त्यो कुराले केटाकेटीलाई असर पार्छ नै ।

धेरै पहिला चिनको अन्शी भन्ने राजनीतिज्ञको एक कथा छ । उनकी श्रीमती जो शिक्षामा धेरै बिचार गर्थिन उनिले श्रीमानलाई किन आफ्नो केटाकेटीलाई केहि सिकाउनुहुन्न भनेर सोद्धा उनिले मैले मुख र हातले मात्र नसिकाएको हो नत्र मेरा सब सारीर ले उसलाई शिक्षा दिइ रकेहो छ" भनेर भने । मुखले भन्ने या हात ले पिटेर होईन कि आफुले दैनिकिमा गर्ने चालचलन नै केटाकेटीको शिक्षाको आधार हो ।



र अर्को एस्तो कथा पनि छ । जापानका एक होसोकावा भन्ने सामुराइ लडाकु आफ्ना बयस्क छोरा घर आउँदा आरामसँग बसेका थिए रे तर जब नाती आउँदाअ भने आफ्ना अग्रज आउँदा जस्तो गरी अभिवादन गरे रे । किन कि "नाती भनेको अबको कर्णधर हो र उसलाई उपुयुक्त आदर गर्नु पर्छ" भनेर रे ।

हाम्रो घरमा पनि संस्थापक बिहान पुजा गरेदेखी मुख्य मन्दिर जाने बेलासम्म एकै नासले काम गर्नु



हुन्थ्यो । हामी केटाकेटी बिहान बेलुकाको पुजामा ढिलो हुन्थ्यौ तर बुवाले सधै एकै समयमा पुजा सुरु गर्नुहुन्थ्यो । त्यो कुरा प्राकृतिकरुपमा गरेको देख्दा “उहालाई साचै उपदेशमा आस्थ रहेछ” भनेर मनमा लागेको थियो । उहाले पनि मलाई आफ्नो सरिरले शिक्षा दिनुभएको थियो जस्तो लाग्छ ।

यसरी केटाकेटी हुर्कने भनेको आखिरमा बुवाआमाको सोचाइ र चालचलनलाई हेरेर नै हो । सबैले आआफ्नो कुरालाई चिन्तन गर्दै बालक, युवाकोनिम्ती उपयुक्त बेबहार देखाउनु पर्दछ ।

## साचो मानव बिकास भनेको भान्नात्मक र दयालु मानव हुर्काउने कुरा हो

यो बर्षको मार्च ११मा पुर्बिजापान माहाभूकम्पबाट १० बर्ष हुँदै छ । अहिलेसम्म पनि ४० हजार घरबहार बिहिन छन । धेरै जना आणविक भट्टी दुर्घटनाले अझै आफ्नो घर जान सकेका छैनन । हामीले सधै के कुरा महत्वपुर्ण हो भन्ने कुरा सोच्दै पीडितहरुको मन बुझेर हामीले गर्न सक्ने सहयोग गर्दै जानु पर्दछ भन्ने लागेको छ ।

यो भूकम्पको बेलामा “एक बर्षको कार्यक्रम हो भने अन्न रोप्नु, १० बर्षे हो भने रुख रोप्नु र जिन्दगी भरिको कार्यक्रम हो भने मानव रोप्नु” भन्ने पुरानो चिनको भनाइलाई उद्दृत गरेर राम्रो समाज निर्माण गर्नलाई सबैभन्दा मानव बिकास जरुरी छ भनेर भनेको थिए ।

बुद्धी र बिबेक मात्र होईन कि मान्छेको मनको कुरा बुझ्ने भावना भएको मान्छे र दयालु मान्छे हुर्काउन नसकेमा साचो अर्थमा भाबनात्मक समाजको निर्माण गर्न सकिदैन ।

जेन धर्मका दोगेन गुरुले “ नगएको ठाउँमा आफुभन्दा अघी अरुलाई पुराउ” भनेर भनेका थिए । मतलब श्रम या दुख आफुलाई पनि छ तर अरु कोही दुखमा छ भने उसलाई केहि गरी दिएर दयालु मन बनानु पर्छ भन्ने कुरा हो यो । आफ्नो मात्र सुख होईन कि सबैजना मुक्ती हुने कुरामा सर्बशक्ती लगाउने । यो नै बोधिसत्वमा हुने मन हो भनेर सिकाइएको छ ।

मतलब कोसेइ काइको “पहिला अरुहरु” भन्ने कुरामा भनिएको भाबनात्मक मानिस बिकास गर्नकोनिम्ती श्रीमानश्रीमती, बुवाआमा र अभिभाबक अनि संघका साथिहरु सबैको आआफ्नो भूमिका हुने गर्दछ । सबै मिलेर यो आधारभुत प्रस्ताबमाथी छलफल गर्दै जाऔ ।

र यो बर्ष घरको संबन्ध र संघको संबन्ध गहिरो पारेर एकअर्कालाई साहयता गर्दै यो आफुअघिको कठिन अवस्थालाई मिलेर पार गरौ

(“कोसेइ काइ पत्रीका” २०२१ जनवरी २ बाट)